# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०५ नवम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालमा एसआईआर शुरू भएको आज दोस्रो दिन हो। बीएलओहरूले हिजो एक दिनमा नै १८ लाख मतदाताहरूलाई फारम दिई सकेका छन्। दार्जीलिङ पहाड़ामा पनि फारम दिने काम चलिरहेको छ।

- एसआईआर लाई लिएर भाजपाले सांगठनिक जिल्लाहरूमा बैठक शुरू गरेको छ। आज सिलगड़ीमा बैठक भयो भने नोभेम्बरमा दार्जीलिङमा बैठक हुनेछ।

- देव दीपावलीको अवसरमा राष्ट्रपति तथा प्रधानमंत्री नरेन्द्र मोदीले मानिसहरूलाई बधाई र शुभकामना दिनुभएको छ।

- आज गुरू नानक देवजीको जयन्ती धुमधामसित पालन गरिन्दैछ। मुख्यमं.त्री ममता व्यानर्जीले गुरूपर्वको अवसरमा शुभकामना दिनुभएको छ।

- पशिमच बंगालमा आज देखि राश पूर्णिमा हर्षोल्लासका साथ शुरू भएको छ।

**एसआईआरः बंगाल**

पश्चिम बंगालमा निर्वाचन आयोगद्वारा विशेष गहन पुनरीक्षण (एसआईआर) को प्रथम चरणको पहिलो दिन नै हिज रातिसम्म कूल 18 लाख मतदाताहरूलाई घर-घर गएर एन्यूमरेशन फारम बाँड़ियो।मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयको तर्फबाट जारी बयानमा भनिएको छ, हाउस टू हाउस विजिटको पहिलो दिन 18 लाखभन्दा अधिक मतदाताहरूलाई डुप्लिकेट एन्यूमरेशन फारम सुम्पिएको छ र सबै गतिविधिहरू तय कार्यक्रम अनुसार सुचारू रूपमा संचालित भइरहेको छ।

**राज्यमा कूल 80 हजार 681 बूथ लेवल अफिसर (बीएलओ) तैनाथ छन् भने राष्ट्रिय र राज्यस्तरीय मान्यता प्राप्त राजनीतिक दलहरूका बूथ लेवल एजेन्ट्स (बीएलए) को संख्या 63 हजारभन्दा अधिक छ। जिल्ला निर्वाचन अधिकारीहरूले सबै दलहरूसित हरेक बूथमा अधिकतम एक-एक बीएलए नियुक्त गर्ने पुनः अपील गरेका छन्। वर्तमानमा पश्चिम बंगालमा सात करोड़ 66 लाख 37 हजार 529 पंजीकृत मतदाता छन्। 294 विधानसभा क्षेत्रहरूमा यी सबै मतदाताहरूसम्म डुप्लिकेट एन्यूमरेशन फारम पुऱ्याउने काम शुरू भइसकेको छ। जुन मतदाताहरूको नाम वर्ष 2002 को अन्तिम व्यापक पुनरीक्षणमा सामेल थियो, उनीहरूले केवल आवश्यक विवरण भरेर फारम जमा गर्नुपर्नेछ।यहीबीच चुनाउ आयोगको तीन सदस्यीय केन्द्रिय टीमले 5 देखि 8 नोभेम्बरसम्म उत्तर बंगालको कूचबिहार, जलपाइगढ़ी र अलीपुरद्वार जिल्लाहरूको दौड़ाह गरी एसआईआरको प्रगतिको जानकारी लिनेछ। यस अवधि टीमको साथ पश्चिम बंगालका सीईओ मनोज कुमार अग्रवाल पनि रहनेछन्।**

**SIR - तृणमूल कांग्रेस**

विशेष गहन संशोधन (SIR) पछि आठ जनाको कथित मृत्युको सम्बन्धमा तृणमूल कांग्रेसले आगामी शीतकालीन सत्रमा राज्य विधानसभामा प्रस्ताव पेश गर्ने विचार गरिरहेको छ। BJP ले अर्को वर्षको विधानसभा चुनाव अघि मतदाता सूची हेरफेर गर्न यो प्रक्रिया प्रयोग गरिरहेको आरोप TMC ले लगाएको छ | शीतकालीन सत्र नोभेम्बरको मध्यमा सुरु हुने

सम्भावना छ। चुनाव अघि यो हालको विधानसभाको अन्तिम पूर्ण सत्र मानिन्छ। फेब्रुअरीमा मात्र अन्तरिम बजेट सत्र हुने अपेक्षा गरिएको छ। मुख्यमन्त्री ममता बनर्जी र सांसद अभिषेक बनर्जीले मंगलबार कोलकातामा एसआईआरको विरुद्धमा विशाल विरोध जुलुस निकाले, भाजपाले मतदाताहरूलाई धम्काउने प्रक्रियालाई उपकरणको रूपमा प्रयोग गरेको आरोप लगाउँदै सुश्री बनर्जीले भयको वातावरणले पहिले नै धेरैको ज्यान लिइसकेको बताउँदै अनि मानिसहरूलाई नआत्तिन आग्रह गर्नु भएको छ |

**बीजेपी – सिलीगुड़ी**

भारतीय जनता पार्टी सिलगड़ी सांगठनिक जिल्लाको एउटा महत्वपूर्ण बैठक आज मल्लागुड़ी स्थित पार्टी कार्यालयमा सम्पन्न भयो।सिलीगुड़ी जिल्ला अध्ययक्ष अरूण मण्डलको अध्यक्षतामा सम्पन्न यस बैठकमा जिल्लामा सबै पार्टी विधायकहरू जिल्ला समिति र अन्य पदाधिकारीहरू उपस्थित थिए। सासंद राजु विष्टले बैठकलाई संबोधित गर्दै एसआईआर बारे विस्तृत छलफल गर्न तथा प्रयेक वैध्या मतदाताकोनाम सूचीमा सामेल होस र एसआईआर का प्रक्रियाहरू बीएलओ हरूको घर घर भगमण र बीएलओहरूद्वारा वितरित गरिने फार्महरू बारे अवगत गराए। अवैध मतदाताहरूको नाम सूचीमा सामेल न होस त्यसप्रति विशेष नजर राख्नमा लागि बुथ स्तरीय कार्यकर्ताहरूलाई सचेत रहन भनिएको छ।

**देव दीपावली आज मनाईन्दै छ। यसलाई दीपोत्सव पनि भनिन्छ।**

उत्तर प्रदेशको वाराणसीमा देव दीपावली भव्य उत्सवको रुपमा मनाईन्दै छ।

***एक रिपोर्ट- देव दीपावलीको अर्थ 'देवताहरूको दीपावली' हो।यो पर्व अन्धकार माथि प्रकाशको विजयको प्रतीक हो। देव दीपावली दीपावलीको पन्ध्र दिन पछि, कार्तिक पूर्णिमाको रातमा मनाइन्छ।धार्मिक मान्यता अनुसार यस दिन देवताहरू पवित्र गंगा नदीमा स्नान गर्न पृथ्वीमा अवतरण गर्छन्।यस रात, वाराणसी वास्तवमा प्रकाश नगरी-काशी बन्दछ, किनकि अनगिन्ती दियोहरूले देवताहरूको स्वागत गर्ने दिव्य सन्देश दिन्छन्। दीयोको झिलिमिली दीपमालिकाको यो अद्भुत संयोजनले सबैलाई मंत्रमुग्ध गर्दछ।नदीका घाटहरू, मन्दिरहरू र छत हरू दियाको रोशनीले जगमगाउँछन्। गंगा नदीमा दियाहरूको प्रतिबिम्बले प्रकाशको एक चम्किलो आकाशगंगा सिर्जना गर्दछ।***

**उत्तर बंगाल गुरूपर्व**

कार्तिक पूर्णिमाको अवसरमा दार्जीलिङ जिल्ला र कालेबुङ जिल्लामा रहेका मठ–मन्दिरहरूमा आज विशेष पूजा अर्चना गरियो। देव दिवालीको अवसरमा दार्जीलिङको महाकाल मन्दिरमा हजारौंको संख्यामा श्रदालुहरूले आज विशेष पूजा अर्चना गरे। आज साँझ घर घरमा दियो बाली दीवालीको पर्व पालन गरिन्दैछ। सिलगड़ीको ईस्कोन मन्दिर, गौड़िया मठ, श्री कृष्ण प्रणामी मन्दिर , कालेबुङको ठाकूरबाड़ी तथा मंगलधाममा आज विशेष पूजा अर्चना आयोजित गरियो। यसैगरी मिरिक देवीथान तथा खरसांगको श्री राम मन्दिर , जगन्नाथ मन्दिर सातकन्या देवी मन्दिर, गिद्धे देवी मन्दिरमा पनि विशेष पूजा अर्चना मानिसहरूले गरे। आज गुरू पर्वको अवसरमा सिलगड़ीको श्री गुरू सिंह साहब गुरूद्वारामा विशेष अरदास – भक्ति भजन र लंगरको आयोजना गरिएको थियो। दार्जीलिङका लोकसभा सांसद राजु विष्ट गुरूद्वारामा मत्था टेक्नु भयो तथा शब्द किर्तनमा भाग लिनुभयो। दार्जीलिङको गुरूद्वारा तथा बागडोगराको गुरूद्वारामा पनि विशेष अरदासको आयोजना गरिएको थियो। सबै गुरूद्वाराहरूमा सुन्दर ढंगले सजाईएको थियो। बिहान देखिनै गुरूद्वाराहरूमा मत्था टेक्न मानिसहरूको भीड़ देखियो। प्राप्त जानकारी अनुसार कोलकाता सहित पश्चिम बंगालका सबै गुरूद्वाराहरूलाई रंगीचंगी बिजुली बत्तीले सजाईएको थियो तथा सबै स्थानहरूमा शब्द किर्तन , अरताश कार्यक्रमहरू बिहान देखिनै चलिरहेका छन्। मुख्यमंत्री ममता व्यानर्जी , भाजपा प्रदेश अध्यक्ष ड़ा. सुकान्त मजुमदार आदिले गुरू पर्वको अवसरमा बधाई र शुभकामना दिनुभएको छ।

**फूटबल**

पूर्व सैनिक अर्धसैनिक टर्जमद्वारा आयोजित टर्जम पोख्रेबुङ गोल्डकप फुटबल टुर्नामेन्ट अन्तर्गत आज भएको म्याचमा केएफसी सिलगढी बिजय बनेको छ। आयोजक समितिको तर्फबाट महासचिव राजेस तामाङले जानकारी गराए अनुसार पूर्व सैनिक अर्ध सैनिक टर्जम पोख्रेबुङको आयोजनामा गत आईतबारदेखि गोल्डकप फुटबल प्रतियोगिता शुरु भएको थियो। आजको म्याच कुमार स्पोर्टिङ्ग सिक्किम र केएफसी सिलगढीबीच सम्पन्न भएको थियो जसमा केएफसी सिलगढी ५ गोलले विजय भएको छ।

****** o ******

****** o ******